# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड:** ६ **संख्या:** ६ **मिति:** २०८० । १२ । ०१

**भाग–१**

# हरिनगर गाउँपालिका


**गाउँसभाबाट स्वीकृत मिति:** २०८० । १० । ०४ गते
**प्रमाणीकरण मिति:** २०८० । १२ । ०१ गते

## स्थानीय स्वास्थ्य सेवा ऐन, २०८०

**प्रस्तावना:** स्वस्थ्य जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसात गर्दै, व्यैक्तिक, शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि स्वच्छ एवंम् सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध श्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको नि:शुल्क आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित गर्न वान्न्छनिय भएकोले, नेपालको संविधानको धारा २२१ वमोजिम सोही संविधानको अनुसूची ८ को (९) र अनुसूची ९ को (३) मा उल्लेखित स्थानीय सरकारको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम हरिनगर गाउँपालिकाको पन्ध्रौं गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "स्थानीय स्वास्थ्य सेवा ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भई हरिनगर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले हरिनगर गाँउपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८०" लाई सम्झनुपर्छ ।

(ख) "आधारभूत स्वास्थ सेवा" भन्नाले हरिनगर गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८० को दफा ३ बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिको लागि राज्यबाट सुलभ रुपमा नि:शुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ ।

(ग) “आकस्मिक स्वास्थ्य सेवा” भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अङ्ग अशक्त हुने अवस्थामा उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरु सम्झनु पर्छ ।

(घ) “स्थानीय सरकार” भन्नाले हरिनगर गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) ”कार्यपालिका” भन्नाले हरिनगर गाँउपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) ”गाउँपालिका क्षेत्र” भन्नाले हरिनगर गाउँपालिकाको भू–भाग सम्झनु पर्छ ।

(छ) ”गैर सरकारी वा निजि स्वास्थ्य संस्था” भन्नाले हरिनगर गाँउपालिका क्षेत्र भित्र प्रचलित कानून वमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैर सरकारी तथा निजि लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ज) ”चिकित्सक तथा स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानून वमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्वन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) “जंकफूड” भन्नाले फ्याट, चिनी, अजिना मोटो र अत्याधिक रङ्ग वा नुनको अत्याधिक मात्रा भएको प्रशोधित तयारी खाद्य सामाग्री वा यस्तै प्रकृतिका अन्य सामग्रीहरुलाई सम्झनु पर्छ ।

(ञ) “जनस्वास्थ्य निरीक्षक” भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(ट) “निर्देशिका” भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ ।

(ठ) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ र सो शव्दले कार्यवाहक अध्यक्ष समेतलाई जनाउनेछ ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ढ) “व्यवस्थापक (स्वास्थ्य संस्थाको डाईरेक्टर/निर्देशक)” भन्नाले स्थानीय सरकारको स्वामित्व रहेको प्राथमिक स्वास्थ्य केन्द्र र पछि थप हुन आउने स्वास्थ्य संस्थाहरुको समिति तर्फबाट नियुक्ति भई गाउँपालिकाबाट अनुमोदन पश्चात कार्यालयको प्राविधिक, प्रशासनिक तथा आर्थिक निर्देशन दिने व्यक्तिलाई सम्झनु पर्छ ।

(ण) “कार्यालय प्रमुख” भन्नाले गाउँपालिकाको स्वामित्व रहेको अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्र लगायतको प्रमुखलाई सम्झनु पर्छ ।

(त) “सरकारी स्वास्थ्य संस्था” भन्नाले हरिनगर गाउँपालिकाको भू–भाग क्षेत्र भित्र नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकार समेतले संचालन गरेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्छ ।

(थ) “सेवा प्रदायक” भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्वन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्था समेतलाई जनाउने छ ।

(द) “सेवाग्राही” भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(ध) “स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रतिकूल असर” भन्नाले सम्वन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पिडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ ।

(न) ”स्वास्थ्य संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, ईजाजतपत्र लिएका, सरकारी, गैरसरकारी, निजि, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ वमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

(प) “शाखा” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य तथा सरसफाई हेर्ने शाखा सम्झनुपर्छ ।

(फ) “व्यवस्थापन करार” भन्नाले हरिनगर गाउँपालिका अन्तर्गत सञ्चालित अस्पताल वा स्वास्थ्य संस्थालाई व्यवस्थित रुपमा सञ्चालनका लागि स्थानीय सरकारले कानून वमोजिम निजी संघ संस्थालाई निश्चित शर्तको अधिनमा रही अस्पतालको व्यवस्थापन पक्ष सुम्पने कार्यलाई सम्झनुपर्छ ।

(ब) "व्यवस्थापन वा संचालन समिति" भन्नाले हरिनगर गाउँपालिका अन्तर्गत सञ्चालित अस्पताल वा स्वास्थ्य संस्थालाई व्यवस्थित रुपमा सञ्चालनका लागि दफा ६ अन्तर्गत बनेको स्वास्थ्य संस्थाको व्यवस्थापन समितिलाई सम्झनुपर्नेछ ।

(भ) "अनुगमन समिति" भन्नाले दफा १० अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा सम्बन्धित बनेको अनुगमन समितिलाई सम्झनुपर्नेछ ।

(म) "जनस्वास्थ्य परिषद तथा समन्वय समिति" भन्नाले दफा ३३ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा सम्बन्धित बनेको जनस्वास्थ्य परिषद तथा समन्वय समितिलाई सम्झनुपर्नेछ ।

## परिच्छेद–२

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक निकायहरु

३. **आधारभूत स्वास्थ्य सेवा:** (१) आम नागरिकको स्वास्थ्य आवश्यकता परिपूर्तिको लागि राज्यबाट सुलभ रुपमा नि:शुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सरल तथा सुलभ रुपमा हरेक नागरिकलाई पहुँच पुर्याउन आवश्यक व्यवस्थापनमा सहजीकरण गर्नु स्थानीय सरकारको कर्तव्य हुनेछ ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेको देहाय वमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरु नि:शुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा,

(ख) नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन, पोषण सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्वन्धी सेवा

(घ) नसर्ने रोग तथा शारिरिक विकलाङ्गता सम्वन्धी सेवा,

(ङ) मानसिक रोग सम्वन्धी सेवा,

(च) लागू औषध तथा दुर्व्यसन व्यवस्थापन सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्वन्धी सेवा,

(ज) सामान्य आकस्मिक अवस्थाका सेवा,

(झ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(ञ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेको अन्य सेवा,

(ठ) नसर्ने रोग न्यूनीकरणका लागि फिटनेस सेन्टर र योग केन्द्रको सेवा,

(ड) हरिनगर गाउँपालिकाले आफ्नो राजपत्रमा सूचना जारी गरी तोकेको अन्य सेवा,

(३) संघिय सरकारले निर्धारण गरेका आधारभूत तथा उपचारात्मक स्वास्थ्य सेवा सम्वन्धित मापदण्ड, सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह सम्वन्धी अन्य व्यवस्था र प्रक्रिया वमोजिम कार्यपालिकाले उपदफा (२) वमोजिम आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन गर्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) वमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध श्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सुची थप गर्न सक्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समूह, लिङ्ग, वा क्षेत्रका नागरिकलाई तोकिए वमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले नि:शुल्क उपलब्ध गराउन सक्नेछ ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायक निकायहरु:** (१) गाउँ कार्यपालिकाले देहाय वमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न देहाय वमोजिमका सेवा प्रदायक निकायहरु स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(क) अस्पताल, आधारभूत अस्पताल तथा सामुदायिक अस्पतालहरु,

(ख) स्वास्थ्य चौकी,

(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र,

(घ) रक्त संचार केन्द्र,
(ङ) आयुर्वेद औषधालय,
(च) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी,
(छ) साधारण प्राथमिक स्वाथ्य उपचार केन्द्र
(ज) सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्र ,
(झ) गाउँघर क्लिनिक,
(ञ) क्षयरोग तथा कुष्ठरोग उपचार केन्द्र,
(ट) पोषण पुनर्स्थापना केन्द्र,
(ठ) एच.आइ.भि. संक्रमितहरुका लागि सामुदायिक हेरचाह केन्द्र,
(ड) नसर्ने रोग न्यूनीकरणका लागि फिटनेस सेन्टर र योगकेन्द्र ।

(२) गाउँपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा प्रदान भनी सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

(३) उपदफा (१) वमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मापदण्ड सङ्घीय सरकारले तोके वमोजिम हुनेछ ।

(४) गाउँपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरु स्थापना तथा संचालन गर्न सक्नेछ ।

(५) गाउँपालिकाले उपदफा (१) वमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त कार्यपालिकाबाट जारी गरिएका मापदण्ड तथा अन्य शर्त समेत स्वास्थ्य संस्थाले पालना गर्नु पर्नेछ ।

(६) हरेक स्वास्थ्य संस्थाले अनिवार्य रुपमा आफ्नै फार्मेसी संचालन गरी तोकिए अनुसार आवश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(७) औषधि सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून वमोजिम हुनेछ ।

५. **<u>स्वास्थ्य शाखा</u>**: (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्वन्धी गाउँपालिकाका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार एकाईहरु बनाउन सक्नेछ । `

६. **<u>स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन:</u>** (१) गाउँपालिकाको स्वामित्व रहेको अस्पताल वा आधारभूत अस्पतालहरुको हकमा देहाय वमोजिमको व्यवस्थापन समिति गठन हुनेछः–

(क) हरिनगर गाउँपालिकाका अध्यक्ष – अध्यक्ष
(ख) अस्पताल सञ्चालनमा रहेको सम्वन्धित वडाका वडा अध्यक्ष – सदस्य
(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक – सदस्य
(ङ) अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट – सदस्य
(च) गाउँ कार्यपालिकाको स्वास्थ्य शाखाको प्रमुख – सदस्य
(छ) सम्बन्धित गाउँपालिकाको उद्योग वाणिज्य संघ वा चेम्बर अफ कमर्शको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि एक जना – सदस्य
(ज) सम्बन्धित गाउँपालिकाको समाजसेवीहरु मद्येबाट गाउँ कार्यपालिकाबाट मनोनित एकजना महिला – सदस्य
(झ) अस्पतालको निर्देशक/व्यवस्थापक – सदस्य–सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा देहायको व्यक्ति समितिको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि अयोग्य हुनेछः–

(क) गैर नेपाली नागरिक,
(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसुरदार ठहरी सजाय भोगेको ।
(ग) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्तर्गतको कुनै संगठित संस्था वा स्थानीय तहसंग सम्बन्धित कुनै बेरूजु तथा बाँकी वक्यौता भएको ।
(घ) कालोसुचीमा परेको ।
(ङ) विदेशी राष्ट्रको नागरिकता वा स्थायी आवासीय अनुमति वा ड्राईभर्सिटी भिसाका लागि आवेदन गरेको ।

(३) पदेन सदस्य बाहेक समितिका पदाधिकारीहरुको पदावधि चयन भएको मितिले दुई वर्षको हुनेछ ।

(४) समितिले आवस्यक देखेमा स्थानीय सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा उपस्थित हुन आमन्त्रण गर्नसक्नेछ ।

(५) उप–दफा (३) जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा वा स्वास्थ्य संस्थाको हित विपरीत हुने काम गरेको पाइएमा उपदफा (१) वमोजिम गठित समितिको सिफारिसमा गाउँ सभाले निर्णय गरी निजलाई जुनसुकै बरवत हटाउन सक्नेछ ।

(६) पालिकास्तरीय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–
(क) श्रोत साधन जुटाई स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवाहरुलाई गुणस्तरीय, चुस्त–दुरुस्त बनाउने,
(ख) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा सुबिधाहरुलाई सरल, व्यवस्थित, सर्वसुलभ र पारदर्शी बनाउने,
(ग) स्वास्थ्य संस्थाको प्रभावकारीरुपमा व्यवस्थापन र संचालन गर्ने,
(घ) स्वास्थ्य संस्थाको लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने गराउने,
(ङ) स्वास्थ्य संस्थाको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,
(च) स्वास्थ्य संस्थाको सेवा शुल्क लिनु पर्ने खालका विशेष सेवाहरुको शुल्क समेत प्रस्ताव गरी स्वीकृतिका लागि गाउँ कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने,
(छ) स्वास्थ्य संस्थाको भौतिक सम्पति संरक्षण, मर्मत–सम्भार तथा विकास गर्ने,
(ज) स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,
(झ) स्वास्थ्य संस्था मार्फत तोकिएको ढाँचामा मासिक रुपमा प्रतिवेदन तयार गरी स्थानीय सरकार समक्ष पेश गर्ने,
(ञ) लक्षित वर्गलाई प्रचलित मापदण्ड बमोजिमको निःशुल्क उपचारको प्रभावकरी व्यवस्था मिलाउने,
(ट) स्वास्थ्य संस्था र संस्था परिसरको सरसफाई गर्ने, गराउने र फोहोर विसर्जन उचित प्रबन्ध मिलाउने,
(ठ) छिमेकी सरकारी, गैर सरकारी संस्थाहरुसंग सहकार्य समन्वय गरी स्वास्थ्य सेवा विस्तार गर्ने, गराउने,
(ड) जनस्वास्थ्य परिषद एवम् समन्वय समितिले दिएको निर्देशनहरु परिपालना गर्ने गराउने,
(ढ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने,

(७) समितिको बैठक सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछः–

(क) समितिको वैठक मासिक रुपमा बस्नेछ तर अध्यक्षले आवश्यक ठानेमा जुनसुकै बेलामा समितिको वैठक बस्न सक्नेछ ।

(ख) समितिको एक तिहाई सदस्यले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य–सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउन पर्नेछ ।

(ग) समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबिस घण्टा अगावै सदस्य–सचिवले बैठकको एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(घ). समितिको कुल संख्याको पचास प्रतिशत भन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(ङ) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) समितिको निर्णय अध्यक्ष र सदस्य–सचिवले संयुक्त रुपमा प्रमाणित गरी राख्नु पर्नेछ ।

(ज) समितिले आवश्यक देखेमा सम्वन्धित क्षेत्रको कुनै विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ञ) कुनै कारण जनप्रतिनिधिहरु रहनु भएका पदहरु रिक्त रहेमा समितिमा रहनु हुने जेष्ठ सदस्यले समितिको बैठकको अध्यक्षता गरी नियमित कामचलाउ कामकारवाही अगाडि बढाउन सक्नेछ ।

(ट) समितिका पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता पाउने छन् ।

(ठ) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(८) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई, शहरी स्वास्थ्य केन्द्र लगायत स्थानीय सरकारको कार्य जिम्मेवारीमा पछि थप हुन आउने स्वास्थ्य संस्थाहरु, व्यवस्थापनको लागि गाउँपालिकाबाट देहाय वमोजिमको व्यवस्थापन समिति गठन हुनेछः–

| | |
|---|---|
| (क) सम्वन्धित वडाका वडा अध्यक्ष | – अध्यक्ष |
| (ख) सम्वन्धित वडाका निर्वाचित दलित महिला वडा सदस्य | – सदस्य |
| (ग) सम्वन्धित वडाका वडा सचिव | – सदस्य |
| (घ) वडा समितिले मनोनयन गरेको एक जना महिला स्वयम् सेविका | – सदस्य |
| (ङ) सम्वन्धित स्वास्थ्य संस्थाका प्रमुख | – सचिव |

(९) वडास्तरीय स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) स्वास्थ्य संस्थाबाट प्रदान गर्ने सेवाहरुलाई गुणस्तरीय, चुस्त–दुरुस्त बनाउने,
(ख) संस्थाबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सरल, व्यवस्थित र पारदर्शी बनाउने,
(ग) स्वास्थ्य संस्थाको प्रभावकारीरुपमा व्यवस्थापन र संचालन गर्ने,
(घ) स्वास्थ्य संस्थाको भौतिक सम्पति संरक्षण, मर्मत–सम्भार तथा विकास गर्ने,
(ङ) संस्थाबाट प्रदान गरिएका सेवा सुविधाहरुको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषण गर्ने,
(च) तोकिएको ढाँचामा मासिक रुपमा प्रतिवेदन तयार गरी स्वास्थ शाखामा पेश गर्ने,
(छ) संस्था परिसरको सरसफाई गर्ने, गराउने र फोहोर विसर्जन उचित प्रबन्ध मिलाउने,
(ज) पालिकास्तरीय व्यवस्थापन समितिले दिएका निर्देशनहरु परिपालना गर्ने गराउने,
(ज) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने,

(१०) वडास्तरीय स्वास्थ्य संस्था व्यवस्थापन समितिको नियमित रुपमा महिनाको एक पटक अनिवार्य रुपमा बैठक राख्नु पर्नेछ । नियमित बैठक बाहेक आवश्यकताका आधारमा अध्यक्षले थप बैठक राख्न सक्नेछ ।

(११) बैठक सम्वन्धी अन्य विधि तोकिए वमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने:** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चितता गरी गाउँपालिका क्षेत्र भित्र निजि, गैरसरकारी, सामुदायिक वा सहकारी स्वास्थ्य संस्थालाई कार्यपालिकाले देहाय वमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ ।

(क) १५ शैया सम्मको अस्पताल वा नर्सिङ्ग होम,

(ख) निदान केन्द्र,

(ग) साधारण क्लिनिक,

(घ) पोलिक्लिनिक,

(ङ) औषधि पसल

(च) आयुर्वेदिक औषधालय र वैकल्पिक सेवा,

(छ) पुनर्स्थापना केन्द्र

(ज) सामुदायिक स्वास्थ्य हेरचाह केन्द्र,

(झ) मेडिकल ल्याब र डाईग्नोस्टिक सेवा,

(ञ) नसर्ने रोग न्यूनीकरणका लागि फिटनेस सेन्टर योगकेन्द्र ।

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजि स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि कार्य गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था संचालनको अनुमति लिन गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त दिनु पर्नेछ । यसरी प्राप्त गरेको अनुमति पत्र हरेक वर्ष तोकिएको दस्तुर बुझाई नविकरण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिईने दरखास्तको ढाँचा र तिर्नुपर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम दर्ता भई यस गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाको व्यवसाय दर्ता गर्न आउँदा नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड तथा आवश्यक अन्य पूर्वाधार र कानूनी प्रक्रिया समेत पुरा भएको हुनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनु पूर्व गाउँपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको पन्ध्र दिन (१५ दिन) भित्र आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई एक महिना भित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) वमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको मासिक र वार्षिक प्रतिवेदन (HMIS/DHIS2) गाउँपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ साथै मासिक र वार्षिक प्रतिवेदन (HMIS/DHIS2) नियमित रुपमा नबुझाएमा नवीकरण तथा सिफारिस गरिनेछैन ।

(८) कुनैकारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिका क्षेत्रबाट अन्यत्र सार्नु पर्ने भएमा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(९) यो ऐन जारी हुनु अघि गाउँपालिका क्षेत्र भित्र संचालित निजि वा गैरसरकारी स्वास्थ्य संस्थाहरु ऐन जारी भएको मितिले तिन महिना (३ महिना) भित्र कार्यपालिकामा अनुमति लिई दर्ता गराउनुपर्नेछ ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकेको मापदण्ड र प्रक्रिया अनुरुप सेवा संचालन स्वीकृत लिनु पर्नेछ ।

(११) यस कानून वमोजिम सञ्चालन अनुमति लिने निजि स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत शैयामा अनिवार्य रुपमा गाउँपालिकाले

सिफारिस गरेको असहाय, गरिब तथा विपन्न नागरिकको नि:शुल्क शैया उपलव्ध गराउनु पर्नेछ र संस्था भित्र प्राप्त हुने ल्याब परिक्षण नि:शुल्क गर्नु पर्नेछ ।

(१२) यस दफाको उपदफा (३) वमोजिम सञ्चालन अनुमति नविकरण नगरेमा वा नभएमा सो स्वास्थ्य संस्थाको सञ्चालन अनुमति स्वत: खारेज भएको मानिनेछ ।

८. **व्यवसाय सूचिकृत हुनुपर्ने:** (१) कानून वमोजिम दर्ता भएको स्वास्थ्य संस्थाहरुले यस गाउँपालिका क्षेत्र भित्र संघिय सरकार वा प्रदेश सरकार वा यस गाउँपालिकाबाट सञ्चालन इजाजतपत्र लिई सन्चालन हुने निजिस्तरका स्वास्थ्य संस्था यस गाउँपालिकाको प्रचलित कानून वमोजिम यस गाउँपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्न चाहेमा स्थानीय सरकारले तोकेको कर प्रणालीमा आवद्ध हुनका लागि स्थानीय सरकारको कानून वमोजिम व्यवसाय वार्षिक रुपमा सूचिकृत भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम व्यवसाय दर्ता गर्नका लागि प्रचलित कानून वमोजिम कम्पनी वा तोकिएको अन्य निकायमा कानून वमोजिम दर्ता भएको स्वास्थ्य संस्थाले गाउँ कार्यपालिका वा तोकिएको वडा कार्यालयमा व्यवसाय दर्ताका आवश्यक प्रमाणहरु संलग्न राखी निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम व्यवसाय दर्ता भइसकेपछि हरेक वर्ष तोकिएको समय सीमा भित्र व्यवसाय कर दाखिला गरी व्यवसाय दर्ता नविकरण समेत गरेको हुनु पर्नेछ ।

## परिच्छेद–३
## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर तथा मापदण्ड

९. **गुणस्तर र पूर्वाधारको मापदण्ड:** (१) गाउँपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड वमोजिम सेवा गुणस्तर मापदण्ड र पुर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ ।

(२) गाउँपालिका क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पूरा गरेको हुनु पर्नेछ ।

१०. **अनुगमन गर्ने:** (१) यस ऐनको वमोजिम सञ्चालन इजाजत प्राप्त गरेका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि देहाय वमोजिमको अनुगमन समिति रहनेछ :–

(क) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँपालिका क्षेत्र भित्रका अस्पतालका प्रमुखहरु वा स्वास्थ्य संस्थाका निर्देशकहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित एक जना – सदस्य

(घ) गाउँ कार्यपालिका कार्यालय वा अन्तर्गतको जनस्वास्थ्य निरीक्षक – सदस्य

(यस खण्डको प्रयोजनका हकमा जनस्वास्थ्य निरीक्षक नभए सम्मका लागि गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीका एक जना प्रमुख गाउँ कार्यपालिकाबाट मनोनित गरिनेछ)

(ङ) गाउँ कार्यपालिकाको स्वास्थ्य शाखाका प्रमुख – सदस्य

(२) उपदफा (१) वमोजिम गठित अनुगमन समितिले यस ऐनको दफा ७ र दफा ८ वमोजिम संचालन अनुमति लिई गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेको प्रत्येक स्वास्थ्य संस्थाको वर्षमा कम्तिमा एक पटक अनुगमन, निरीक्षण तथा मूल्यांकन चेकलिस्ट तयार गरी सोको प्रतिवेदन सहित गाउँ कार्यपालिकाको कार्यालय मार्फत गाउँ कार्यपालिकमा बुझाउनु पर्नेछ ।

(३) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्नसक्नेछ ।

(४) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा तोकिएको योग्यता भएको विज्ञ सम्मिलित गर्न सक्नेछ । विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघिय तहका निकाय तथा अन्य विशेषज्ञ संस्था सँग सहकार्य गर्न सक्नेछ ।

(५) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाइएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्वन्धित स्वास्थ्य संस्थामा शिलवन्दी गर्न सक्नेछ र आवश्यक कारवाहीका लागि गाउँ कार्यपालिकाको कार्यालय मार्फत गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ ।

(६) उपदफा (५) वमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो राय समेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(७) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभावपर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(८) गाउँपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ६ महिना भित्र कार्यपालिकाले गाउँ सभामा पेश गरी छलफल पश्चात आवश्यक निर्णय गरी सम्वन्धित पक्षलाई गाउँ कार्यपालिकाको कार्यालय मार्फत जानकारी गराउनु पर्नेछ ।

(९) उपदफा (८) वमोजिम ६ महिना भित्र गाउँ सभाको बैठक नबसेमा सो पछि बस्ने गाउँ सभामा पेश गर्न यस उपदफामा लेखिएको कुराले बाधा पुरयाएको मानिने छैन ।

११. **<u>सेवा शुल्क निर्धारण र पुनरावलोकन:</u>** (१) कार्यपालिकाले संघिय सरकारले तोकेको मापदण्ड अनुसार नि:शुल्क सेवा दिनु पर्ने तोकिएको स्वास्थ्य उपचार सेवा बाहेक अन्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नेछ । यसरी निर्धारण गरिएको सेवा शुल्क गाउँ सभाबाट पारित भएपछि मात्र कार्यान्वयनमा लैजान सकिनेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुने गरी आफ्नो सेवा शुल्क परिवर्तन गर्नु परेमा परिवर्तन गर्नुपर्ने आधार र कारणहरु समेत प्रष्ट खुलाई गाउँ कार्यपालिकाको कार्यालय मार्फत गाउँ कार्यपालिकामा प्रस्ताव लैजानु पर्ने छ र सो प्रस्ताव गाउँ सभाबाट कानून वमोजिम पारित भएपछि मात्र लागू हुनेछ । कानून वमोजिम निर्धारित भएको शुल्कको सुची सबै सेवाग्राहीहरुले देख्ने स्थानमा राख्ने कार्य अस्पताल व्यवस्थापन पक्षको जिम्मेवारी हुनेछ ।

(३) गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरुले कानून वमोजिम लिइरहेको सेवा शुल्क तथा दस्तुरहरुको सम्वन्धमा हरेक दुई–दुई वर्षमा गाउँ कार्यपालिकाले पुनरावलोकन गरी नयाँ सेवा शुल्क निर्धारण गरी गाउँ सभामा पेश गर्न सक्नेछ ।

## परिच्छेद–४
## <u>सरसफाई तथा प्रदूषण रोकथाम</u>

१२. **<u>सरसफाई तथा प्रदूषण रोकथाम:</u>** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै प्रकारको फोहर कार्यपालिकाले तोकेको स्थानमा बाहेक अन्यत्र फ्याक्न पाईने छैन ।

(२) यस गाउँपालिका क्षेत्रभित्र जो जसले जल, जमिन, वायु र ध्वनि प्रदुषण हुनेगरी फोहरमैला वा सो खालका वातावरण उत्पन्न गर्दछ उसैले सोको उचित व्यवस्थापनका लागि लागत व्यहोर्नु पर्दछ (Polluter should be pay) भन्ने सिद्धान्तलाई आत्मसात गरी त्यस्ता व्यक्तिहरुसँग गाउँ सभाबाट तोकिएको शुल्क वा दस्तुर उठाउन सक्नेछ ।

(३) गाउँपालिका भित्रको हाटबजार क्षेत्र, कल कारखाना, उद्योग, व्यापार व्यवसाय तथा घरायसी प्रयोजन समेतबाट निस्कने फोहरमैला व्यवस्थापन गर्नका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गरी आफ्नै गाउँपालिकाको वा छिमेकी स्थानीय तहहरुसँग साझेदारी गरी संयुक्त रुपमा प्रयोग गर्ने गराउने गरी उपयुक्त क्षेत्रमा वातावरण मैत्री ल्याण्डफिल्ड घोषणा गरी सो क्षेत्रमा मात्र फोहरमैला बिसर्जन गर्नेछ ।

(४) गाउँपालिकाले फाहरमैला बिसर्जन तथा व्यवस्थापनका लागि निजी तथा सरकारी क्षेत्रसँग सहकार्य वा व्यवस्थापन करार प्रणाली अपनाई कार्य गर्न सक्नेछ ।

(५) गाउँपालिका क्षेत्र भित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु गाउँपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी तथा कर्तव्य समेत हुनेछ ।

(६) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघिय सरकारले जारी गरेको मापदण्डमा नबाझिने गरी स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(७) यस दफाको उपदफा (३) विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाईएमा कार्यपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ ।

(८) कार्यपालिकाले सामुदायिक सरसफाई सम्वन्धी कार्यविधि र निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(९) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पर्न सक्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार गाउँपालिकाको सम्वन्धित जन स्वास्थ्य अधिकारी सँग हुनेछ ।

(१०) जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकरी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भेटिएमा सम्बन्धित जन स्वास्थ्य अधिकारीले उक्त निकाय वा व्यक्तिलाई समयमै सचेत गराउनु पर्नेछ । सो आदेश उलंघन गर्ने व्यक्ति वा संस्थालाई कानून वमोजिम आवश्यक शुरु कारवाही थालनी गरी सम्वन्धित निकायमा बुझाउन सक्नेछ ।

१३. <u>स्वास्थ्यजन्य फोहर व्यवस्थापन:</u> (१) स्वास्थ्य सम्वन्धी फोहरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागू गर्नेछ ।

(२) गाउँ कार्यपालिकाले स्वास्थ्य क्षेत्रबाट निस्काशित फोहरमैला व्यवस्थापन गर्न यसै ऐनको दफा १२ को उपदफा (४) वमोजिम निजि तथा गैरसरकारी क्षेत्रसँग समेत सहकार्य र साझेदारी गरी तोकिए बमोजिमको स्थानमा विधिपूर्वक विसर्जन गर्न सक्नेछ ।

(३) उपदफा (२) वमोजिमको व्यवस्था नभएसम्मका लागि गाउँ कार्यपालिकाको कार्यालयले आफ्नै स्रोत साधनको व्यवस्था मार्फत यस किसिमका स्वास्थ संस्थाहरुबाट निस्किएका फोहरमैलाको उचित व्यवस्थापन गरी जनस्वास्थ्यमा हानी नहुने वातावारणको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद–५

## <u>जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन</u>

१४. <u>जन स्वास्थ्य निरीक्षण:</u> (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जन स्वास्थ्यका अन्य पक्षहरुको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेश सरकारको समन्वयमा आवश्यक मात्रमा जनस्वास्थ्य निरीक्षकहरु परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको दफा (१३) र दफा (१४) को उल्लंघन गरी जन स्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि गरेको पाईएमा जन स्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

१५. <u>खाद्य तथा पानीको गुणस्तर:</u> (१) कार्यपालिकाले संघीय र प्रादेशिक सरकारबाट जारी गरिएको मापदण्डको आधारमा गाउँपालिका क्षेत्र भित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामाग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपुर्तिकर्ताको मापदण्ड बनाई लागू गर्नेछ ।

(२) कार्यपालिकाले संघीय र प्रादेशिक सरकारबाट स्थापित खानेपानी तथा खाद्य सामाग्रीको गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामाग्रीका विक्रेता तथा आपुर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रुपमा मापदण्ड पालना भए नभएको सन्दर्भमा खाद्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र अस्वस्थकर खाद्यपदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्वन्धी चेतनामूलक कार्यक्रम सम्वन्धित शाखा मार्फत संचालन गर्नेछ ।

(५) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका श्रोतको उचित संरक्षण र अनुगमन गर्नेछ ।

(६) कार्यपालिकाले खाद्य सामाग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग वस्तु उत्पादन, भण्डारण तथा विक्री वितरणका क्रममा तोकिए बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नु पर्नेछ। यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी विक्री वितरण गर्ने निकायहरुलाई समेत लागू हुनेछ।

(८) यस दफामा उल्लेखित संस्थाहरुले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित खाद्य निरीक्षण अधिकारीसँग हुनेछ। यसरी जाँच परिक्षण गर्दा निरीक्षकले संघिय तथा प्रदेश सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनु पर्नेछ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्राभाव परेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति निलम्वनका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्नेछ।

१६. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन:** (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई अधारमानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणका लागि गाउँ कार्यपालिकाको कार्यालयबाट छुट्टै इजाजत पत्र लिनुपर्नेछ।

(३) जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने अखाद्य पदार्थ विक्री गर्ने पसल, अस्वस्थकर मासु बेचबिखन गर्ने मासुजन्य व्यवसाय तथा इजाजत बिना मदिराजन्य पदार्थ विक्री वितरण गर्ने व्यवसायलाई बन्देज लगाउनेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण र प्रयोगमा नियन्त्रण एवम् न्यूनीकरण गर्न कार्यपालिकाले निषेधित र विक्री वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५) गाउँपालिका क्षेत्र भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामाग्रीको प्रयोग तथा बेचबिखनका लागि कुनै पनि सञ्चार माध्यमबाट विज्ञापन गर्न पाईने छैन।

(६) अठार वर्ष मुनिका बालबालिका, गर्भवती र सुत्केरी महिलालाई सुर्तीजन्य पदार्थ विक्री वितरण गर्न पाईनेछैन।

(७) विद्यालय लगायतका बालबालिका भेला हुने सार्वजनिक स्थलमा यस कानून वमोजिम तोकिएको दूरी भित्र जंकफुडको विक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ। निषेधित क्षेत्रमा जंकफुडको विक्री वितरण, प्रचार गरेको पाईएमा सम्वन्धित विद्यालय तथा त्यस्तो जंकफुडको विक्री वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिएको वमोजिम कारवाही हुनेछ।

(८) विद्यालय, स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एकसय मिटर वरपर सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाईने छैन।

(९) होटल, रेस्टुरेन्ट, खुद्रा मदिरा पसल लगायत तोकिएको स्थानमा मदिराजन्य पदार्थ विक्री वितरण गर्न गाउँ कार्यपालिकाको बैठकले समय निर्धारण गर्नेछ। सो समय बाहेक मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन।

(१०) सुर्ती तथा मदिराजन्य पदार्थ र अन्य व्यपार व्यवसाय सम्वन्धी सामाग्रीको विक्री वितरण एकै स्थानमा गर्न पाईने छैन।

## परिच्छेद–७

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

१७. **स्वास्थ्य पूर्वाधार र मापदण्ड:** (१) गाउँ कार्यपालिकाको कार्यालयले आफ्नो क्षेत्राधिकार भित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्वन्धी भौतिक पूर्वाधारको निर्माण, मर्तम सम्भार, संरक्षण र सम्वर्द्धन गर्नेछ। यस कार्यका लागि अस्पताल वा स्वास्थ्य संस्थाले गाउँ कार्यपालिका वा स्वास्थ्य सेवा व्यवस्थापन समितिको निर्णयका आधारमा थप भौतिक संरचनाहरुको समेत व्यवस्थापन गर्न सक्नेछ।

(२) अस्पताल वा स्वास्थ्य संस्था सञ्चालनका लागि निर्माण गरिएका भौतिक पूर्वाधारहरु महिला, बालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री हुनेछ ।

(३) नेपाल सरकार र प्रदेश सरकारको कानूनमा नबाझिने गरी गाउँ कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र सञ्चालित स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार सम्वन्धी मापदण्ड तयार गरी सोही अनुसार न्यूनतम औजार उपकरणहरुको उपलब्धता सुनिश्चित गर्नेछ ।

(३) अस्पताल तथा अन्य स्वास्थ्य संस्थाका लागि आवश्यक पर्ने शव वाहन एम्वुलेन्स तथा अन्य सवारी साधनको व्यवस्था गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१८. **जनशक्ति व्यवस्थापन:** (१) गाउँपालिका भित्र स्वास्थ्य संस्था सञ्चालन तथा आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ तथा कोशी प्रदेशबाट जारी गरिएको स्वास्थ्य सेवा सम्वन्धी कानूनलाई आधार मानी गाउँ कार्यापालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण समेतका आधारमा स्वीकृत दरवन्दी संरचना वमोजिम जनशक्ति व्यवस्थापन गर्नेछ ।

(२) कार्यपालिकाले स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति कानून वमोजिम स्थायी भर्ना प्रक्रियाबाट कर्मचारीहरु पदपूर्ति गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको प्रचलित कानून वमोजिम कार्यालय सहयोगी, स्वीपर, माली, पाले तथा अस्पताल सुरक्षाकर्मी, हेभी तथा हुलुका सवारी चालक पदहरु सेवा करारका माध्यमबाट व्यवस्थापन गर्नु गराउनु पर्नेछ ।

(४) तत्काल स्थायी कर्मचारी भर्ना हुन सक्ने सम्भावना नरहेकोले करार सेवामा कर्मचारी भर्ना गर्नु परेमा लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट लिइएको परीक्षामा वैकल्पिक सूचीमा परेका उमेद्वारहरुको सूची र लिखित परीक्षा उतीर्ण गरेका उमेद्वारहरुको सूची माग गरी योग्यताक्रमका आधारमा सो उमेद्वारहरुलाई सिधै करार सेवामा नियुक्त गर्न सक्नेछ ।

(५) उपदफा (१) वमोजिम करारमा नियुक्ति हुनेहरुको पारश्रमिक सेवाको शर्त र सुविधा करार सम्झौतामा तोकिए वमोजिम हुनेछ ।

(६) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा सङ्घीय तहका सम्वन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(७) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्यकर्मीहरुको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(८) कार्य सम्पादन करार गर्नुपर्ने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले कार्यविधि बनाई कर्मचारीहरुसँग छुट्टाछुट्टै कार्य सम्पादन करार गर्न सक्नेछ ।

(९) यस ऐनले व्यवस्था गरेको प्रावधानहरुले समेट्न छुट भएका कुराहरुका हकमा यस गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत स्थायी कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, तथा अन्य वृत्ति विकास र विभागीय कारवाही तथा दण्ड जरिवाना सम्वन्धी व्यवस्था संघीय वा प्रदेश कानूनमा व्यवस्था भए वमोजिम हुनेछ ।

(१०) गाउँ कार्पालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको सरुवा चक्रिय प्रणालीका आधारमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

(११) स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको बढुवा लगायतका वृत्ति विकास अन्य सेवा सुविधा प्रचलित संघीय तथा प्रदेश सरकारबाट जारी गरिएको कानून वमोजिम हुनेछ ।

## परिच्छेद–८

## जनस्वास्थ्य सम्वन्धी महामारी तथा अन्य विपद व्यवस्थापन

१९. **विपद व्यवस्थापन संयन्त्र:** (१) गाउँ कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य सम्वन्धी विपदहरुको पूर्वतयारी, जाँच पड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि कानून तर्जुमा गरी उपयुक्त संयन्त्र सहितको प्रवन्ध गर्नेछ ।

(२) यस ऐन वमोजिम छुट्टै विपद व्यवस्थापन संयन्त्र गठन नभएसम्मका लागि हरिनगर गाउँपालिकाको प्रकोप व्यवस्थापन सम्वन्धी ऐन तथा कार्यविधि र विपद व्यवस्थापन कोष सञ्चालन सम्वन्धी कानून

वमोजिमको समितिबाट स्वास्थ्य सम्वन्धी विपदको व्यवस्थापन र सोही कोषबाट नै आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

(३) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकाय समेतको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले महामारी र विपदबाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगका लागि अन्य स्थानीय सरकार, प्रदेश र संघिय सरकारसंग अनुरोध गर्न सक्नेछ । जनस्वास्थ्य आपतकाल, महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा अध्यक्षले प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकालीन घोषणा गर्न सक्नेछ ।

(५) उपदफा (३) वमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा चिकित्सक सहितको विस्तृत टोलीको सिफारिस समेतका आधारमा कति समयका लागि, कुन–कुन क्षेत्रमा सो अवस्था लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(६) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धित सबैको लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नुपर्नेछ ।

(७) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि, क्षेत्र लगायत तथा अन्य पक्षहरुमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(८) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिसमा गाउँ कार्यपालिकाले जारी गरेको जनस्वास्थ्य सम्बन्धी आदेशहरुको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद–९

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

२०. **औषधि खरिद, भण्डारण र वितरण सम्बन्धि ब्यवस्थापन:** (१) गाउँपालिकाले प्रचलित नेपाल कानून वमोजिम नि:शुल्क वितरण गर्ने र फार्मेसी मार्फत विक्री गर्ने, औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि कार्यपालिकाले वार्षिक खरिद योजना बनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको औषधि खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन वमोजिम खरिद विधि अपनाउनु पर्नेछ ।

(३) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण र विक्री गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम खरिद गरिएका औषधिको व्यवस्थापनका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट जारी गरिएको लजिष्टिक मेनेज्मेन्ट सपोर्ट प्रणाली (LMIS) र महालेखा नियन्त्रकको कार्यालयबाट जारी गरिएको जिन्सी व्यवस्थापन प्रणाली (PAMS) अवलम्वन गरी सोको परिपालना समेत अनिवार्य रुपमा गर्नु गराउनु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।

२१. **नि:शुल्क औषधि वितरण:** (१) नेपाल सरकारबाट तोकिए वमोजिमका नि:शुल्क औषधिहरु गाउँपालिकाको मातहत रहेका स्वास्थ्य संस्था मार्फत मापदण्ड बनाई वितरण गरिनेछ ।

(२) उपदफा (१) वमोजिम वितरण गरिने नि:शुल्क औषधिहरु वाहेक अन्य औषधिहरु संघिय तथा प्रदेश सरकारको प्रचलित कानून समेतका आधारमा गाउँपालिका क्षेत्र भित्र विक्री, वितरण तथा प्रयोगको नियमन तोकिएको अनुगमन समिति मार्फत गाउँ कार्यपालिकाले गर्नेछ ।

## परिच्छेद–१०

## सार्वजनिक–निजी साझेदारी

२२. **सार्वनिनक–निजी साझेदारीमा स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने:** (१) गाउँ कार्यपालिकाले अस्पतालबाट प्रवाह हुने सार्वजनिक स्वास्थ्य सेवा प्रवाह नेपाल सरकारको सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा ५१ वमोजिम सार्वजनिक–निजि साझेदारीमा अस्पताल व्यवस्थापन सुधार परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले व्यस्थापन करार प्रणाली अपनाई सार्वजनिक–निजि साझेदारीका माध्यमबाट गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग प्रचलित कानून वमोजिम तोकिएको सेवा शर्तहरुको अधिनमा रही तोकिएको निश्चित अवधि सम्मका लागि सहकार्य वा साझेदारीमा अस्पताल व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(३) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनीकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्था मार्फत संयुक्त सहकार्य गरी सेवा प्रवाह गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य गाउँपालिकासँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

(५) गाउँ कार्यपालिका क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्र संचालित वा गाउँपालिका आसपासमा पायक पर्ने स्थानमा सञ्चालित निजि, गैर सरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

(६) अस्पताल व्यवस्थापन समितिको पूर्ण जिम्मेवारी तथा रेखदेखमा रहने गरी अस्पताल व्यवस्थापक वा निर्देशक छनौट गरी निजबाट समेत अस्पताल सञ्चालन गर्ने गराउने व्यवस्था गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(७) यस दफाको उपदफा (१) (२) (३) (४) (५) वा (६) वमोजिम स्थापित अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि सो अस्पतालको व्यवस्थापन समितिको गठन यस ऐनको दफा (६) को उपदफा (१) वमोजिम हुनेछ ।

(८) यस दफा वमोजिम स्थापित अस्पताल व्यवस्थापन तथा सञ्चालनका लागि यस ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले छुट्टै नियमावली, कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(९) अस्पतालका व्यवस्थापक वा निर्देशकको नियुक्ति तोकिए वमोजिम हुनेछ ।

(१०) यस गाउँपालिका अन्तर्गतका अस्पताल वा स्वास्थ्य संस्थाहरु गाउँ कार्यपालिकाको निर्णयका आधारमा सार्वजनिक–निजी साझेदारी प्रणाली मार्फत सञ्चालन गर्ने गराउने गरी व्यवस्था गरिएकोमा वा सञ्चालक समितिको पूर्ण रेखदेख र नियन्त्रणमा रहने गरी व्यवस्थापक वा निर्देशक मार्फत अस्पताल सञ्चालन गर्ने गरी गाउँ कार्यपालिकाबाट निर्णय गरी अस्पताल सञ्चालन गरिएको भएमा व्यवस्थापकको तर्फबाट सो अस्पतालमा स्वीकृत दरवन्दीका अतिरिक्त आवश्यक थप अति आवश्यक ठहर भएको भनी अस्पताल व्यवस्थापन समितिबाट लिखित निर्णय सहितको जनशक्ति माग भइ आएमा गाउँ कार्यपालिकाको निर्णयले सो प्रकृतिका थप जनशक्ति करारमा भर्ना गर्न गराउन अनुमति दिन सक्नेछ । अस्पतालका कर्मचारीहरुको नियुक्ति र पद समाप्ति तोकिए वमोजिम हुनेछ ।

(११) यस दफाको उपदफा (१०) वमोजिम थप गरिएका जनशक्तिको थप आर्थिक व्ययभार सोही अस्पताल वा स्वास्थ्य संस्थाको आन्तरिक आयस्रोतबाट मात्र व्यहोरिने छ । यस वापत गाउँपालिकामा कुनै किसिमको थप आर्थिक दायित्व वहन गराउन पाइने छैन । यस उपदफा वमोजिम नियुक्त करारका कर्मचारीहरुको पदावधि व्यवस्थापन करारमा लिने पक्षको म्याद कायम रहेसम्म मात्र हुनेछ ।

(१२) यस दफा वमोजिम सञ्चालित अस्पतालमा कार्यरत कर्मचारीहरुको थप सेवा सुविधा सोही अस्पतालको आन्तरिक आय आर्जनका आधारमा व्यवस्थापन समितिबाट निर्धारण गरिए वमोजिम हुन सक्नेछ । सो सेवा सुविधा स्थानीय तहको दरवन्दीमा कार्यरत कर्मचारीहरु समेतलाई प्रदान गर्न सकिनेछ ।

(१३) यस दफा वमोजिम सञ्चालित अस्पतालको समुचित व्यवस्थापनका लागि अस्पताल व्यवस्थापन समितिले गाउँ कार्यपालिकाको कार्यालयलाई थप व्ययभार नपर्ने गरी आवश्यक थप औषधि तथा उपचारजन्य सर्जिकल मेशिनरी सामानहरु व्यवस्थापन गर्न गराउन सक्नेछ ।

(१४) यस दफाको उपदफा (१३) वमोजिम खरिद तथा जडान गरिएका सर्जिकल इक्वीपमेन्टहरु सो अस्पतालको सम्पत्तिका रुपमा कानून वमोजिम आम्दानी बाँधी सुरक्षित राख्नु अस्पताल प्रशासनको दायित्व हुनेछ ।

(१५) सार्वजनिक निजी साझेदारीका लागि तोकिएको अवधि थप गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाको निर्णयले उचित लागेको अवधि पुन: थप गर्न सक्नेछ ।

(१६) यस दफाको उपदफा (१५) वमोजिम म्याद थप नभएमा वा सो अस्पतालको व्यवस्थापन स्वत: गाउँ कार्यपालिकाको कार्यालय मातहत आउने छ र प्रचलित कानून वमोजिम अस्पताल सञ्चालन गर्नु गराउनु गाउँ कार्यपालिकाको कार्यालयको दायित्व हुनेछ ।

(१७) यस दफा वमोजिम सञ्चालित अस्पतालको छुट्टै कोष स्थापना गरिनेछ र सो कोषको लेखा सञ्चालन तथा व्यवस्थापन तोकिए वमोजिम हुनेछ ।

(१८) व्यवस्थापन जिम्मा लिने संस्थाले अस्पताल वा गाउँ कार्यपालिकाको कार्यालयलाई हानी वा क्षति पुरयाउने गरी कुनै कार्य गर्न गराउन पाइने छैन र नेपाल सरकार वा प्रदेश सरकारबाट आम नागरिकले नि:शुल्क पाउने गरी तोकिएको कुनै पनि सेवा सुविधा कटौति गर्न वा शुल्क लिएर गर्न गराउन समेत पाइने छैन ।

## परिच्छेद–११

## विद्यालय स्वास्थ्य सेवा तथा घुम्ति शिवीर

२३. **विद्यालय स्वास्थ्य सेवा:** (१) गाउँपालिकाले प्रदेश सरकारसँग सहकार्यका आधारमा शैक्षिक निकाय तथा विद्यालयहरुमा स्वास्थ्य सेवा प्रदान गर्ने विद्यालय नर्सको व्यवस्था गर्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(३) विद्यालयस्तरमा सञ्चालन गरिने किशोर किशोरी शिक्षा तथा स्वास्थ्य सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नु गाउँ कार्यपालिकाको कार्यालयको दायित्व हुनेछ ।

(४) विद्यालयस्तरमा प्रदान गरिने प्राथमिक स्वास्थ्य उपचारका सामाग्रीहरु, सेनिटरी प्याड लगायतका किशोरी छात्राहरु लक्षित सामाग्रीहरु कानून वमोजिम तोकिएको समय भित्र विद्यालयलाई उपलव्ध गराउने कार्य गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

२४. **घुम्ती शिविर सम्वन्धी व्यवस्था:** (१) गाउँ कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र बसोवास गरेका नागरिकहरुको स्वास्थ्य सेवामा थप योगदान पुर्याउने र सेवालाई प्रभावकारी बनाउने गरी समय समयमा स्वास्थ्य शिविरहरु सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका स्वास्थ्य संस्था बाहेक अन्य सरकारी वा गैर सरकारी स्वास्थ्य संघ संस्थाहरुबाट स्वास्थ्य सम्वन्धी घुम्ती शिविर वा सेवाहरु संचालन गर्न परेमा गाउँपालिकास्तरीय स्वास्थ्य संस्था सञ्चालन समितिबाट पूर्व अनुमति लिएर मात्र स्वास्थ्य शिविर सञ्चालन गर्न गराउन सक्नेछ ।

(३) घुम्ती शिविर वा सेवाहरु प्रदान गर्दा पुरा गर्नुपर्ने प्रक्रिया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–११

## स्वास्थ्य सूचना प्रणाली, तथ्याङ्क र अभिलेख व्यवस्थापन

२५. **तथ्याङ्क संकलन र अभिलेखिकरण:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्वन्धी विविध प्रयोजनका लागि आवश्यक अलग अलग तथ्याङ्क र अभिलेख संकलन गरी नियमित रुपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रका सबै स्वास्थ्य संस्थाले तोकिएको रोग, बिरामी तथा सेवा सम्वन्धी तथ्याङ्क र अभिलेख गाउँ एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनु पर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४) गाउँपालिकामा इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसँग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्वन्धित स्वास्थ्य संस्था तथा गाउँपालिकाको दायित्व हुनेछ ।

(५) गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्वन्धी सूचकहरु नियमित रुपले अद्यावधिक गरी गाउँपालिकाको वेवसाइट तथा अन्य सञ्चारका माध्यम मार्फत सार्वजनिक गर्नेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्वन्धी सूचना प्रादेशिक तह तथा संघिय तहका स्वास्थ्य हर्ने निकायमा तोकिएको ढाँचामा नियमित रुपमा सम्प्रेषण गर्नु पर्नेछ ।

(७) गाउँ कार्यपालिकाको कार्यालयले आवधिक रुपमा गाउँ स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

(८) गाउँ कार्यपालिकाको कार्यालयले आपतकालीन जनस्वास्थ्य समस्याको सूचना तुरुन्त उपलब्ध गराउन सूचना प्रविधिमा आधारित छुट्टै संयन्त्रको विकास गर्नु पर्नेछ ।

२६. **<u>जानकारी पाउने हक:</u>** (१) कुनै पनि विरामीलाई आफ्नो उपचार सम्वन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ ।

(२) उपदफा (१) वमोजिमको जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायक संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद–१२

## <u>आकस्मिक स्वास्थ्य उपचार सेवा</u>

२७. **<u>आकस्मिक स्वास्थ्य उपचार सेवाबाट बन्देज नगरिने:</u>** (१) गाउँपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न वन्देज गरिने छैन ।

(२) कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एवम् स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न आफ्ना मातहत रहेका अस्पताल वा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीलाई तोक्न सक्नेछ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च ब्यवस्थापनको लागि गाउँपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्न सक्नेछ ।

(५) आकास्मिक स्वास्थ्य उपचार सेवा सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२८. **<u>एम्बुलेन्स सेवा:</u>** (१) गाउँ कार्यपालिकाको कार्यालयले आफ्नै श्रोतबाट वा अन्य संस्थासँगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरु नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन तथा नियमन गर्ने दायित्व यस ऐनको दफा १० (१) वमोजिम गठित अनुगमन समितिको हुनेछ ।

(३) गाउँपालिका क्षेत्र भित्र अन्य संघ संस्थाहरुबाट कानून वमोजिम प्रक्रिया पूरा गरी सञ्चालनमा ल्याइएका एम्बुलेन्सहरु गाउँ कार्यपालिकाको कार्यालयमा सूचिकृत गरेर मात्र सञ्चालनमा ल्याउनु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम सञ्चालन गरिएका एम्वुलेन्स सञ्चालकले गाउँ कार्यपालिकाको कार्यालयमा आई वार्षिक रुपमा नवीकरण गराउनु पर्नेछ ।

(५) गाउँपालिका भित्र सञ्चालित निजी वा संस्थागत एम्वुलेन्स सेवाको शुल्क सम्वन्धी दररेट गाउँ कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ र सो निर्धारित दररेट भन्दा बढी लिन पाइने छैन । बढी दररेट असुल उपर गरेमा कानून वमोजिम सजाय गरी सञ्चालन अनुमति खारेज गर्न सक्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।

(६) गाउँ कार्यपालिकाको कार्यालय वा अस्पताल व्यवस्थापनले अन्य स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(७) उपदफा (३) बमोजिम दर्ता तथा नवीकरण नभएको एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

(८) अस्पतालको एम्बुलेन्स सञ्चालनका लागि सवारी चालक व्यवस्थापन गर्ने जिम्मेवारी अस्पताल व्यवस्थापन पक्षको हुनेछ भने अस्पताल बाहेक अन्य स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीहरुमा राखी सञ्चालन गर्ने एम्बुलेन्स सेवाको व्यवस्थापन गाउँ कार्यपालिकाको कार्यालयले व्यवस्थापन गर्नु गराउनु पर्नेछ । यसका लागि गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

(९) एम्वुलेन्स सेवा सञ्चालन सम्वन्धी अन्य व्यवस्था नेपाल सरकार तथा प्रदेश सरकारबाट तोकिएको कानून वमोजिम हुनेछ ।

२९. **शव वाहन सम्वन्धी व्यवस्थापन** : (१) गाउँ कार्यपालिका अन्तगर्गत नागरिकहरुको मृत्युपर्यन्त पश्चात समेत आ–आफ्नो रितिरिवाज तथा धर्म संस्कृति अनुसार सरल सहज अत्येष्टि क्रियाकर्मका लागि उचित शव वाहन तथा शव दाहगृहको व्यववस्था मिलाउनु स्थानीय सरकारको कर्तव्य हुनेछ ।

(२) शव वाहनका लागि आवश्यक सवारी साधन, शवदाह गर्ने घाटको स्थान, विद्युतीय शवदाह गृह निर्माण तथा सञ्चालनका लागि गाउँ कार्यपालिकाले आफ्नो आयस्रोतका आधारमा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद–१३

## प्रेषण तथा उपचार प्रणाली

३०. **प्रेषण तथा उपचार प्रणाली:** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राहीहरु आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसक्ने अवस्था भएमा सो स्वास्थ्य संस्थाले त्यस्ता बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा तत्काल प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघिय तथा प्रदेश सरकारको कानून, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ ।

(४) विपन्न नागरिक उपचार सहयोग संघ, प्रदेश र स्थानिय तहले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–१४

## कसुर, दण्ड सजाय र पुनरावेदन

३१. **कसुर गरेको मानिने:** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः–

(क) दफा (७) वमोजिम सञ्चालन अनुमति पत्र नलिएको र दफा ८ वमोजिम स्थानीय कर प्रयोजनका व्यवसाय सूचिकृत नगरी स्वास्थ्य संस्था संचालन गरेमा,

(ख) उपलव्ध भएको स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा ,

(ग) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) सेवाग्राहीको गोपनियता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवाप्रदायकले यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा, यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यबिधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ञ) दफा (१६) बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव परेमा,

(ट) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा,

(ठ) दफा (१७) विपरीत कसैले विज्ञापन गरेको पाईएमा,

(ड) स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक वा सेवा प्रदायक संस्थामा कानुन विपरितका कार्यहरु, हातपत, दुर्व्यवहार, तोडफोड गरेमा,

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसुर गरेमा नेपाल सरकारको स्वास्थ्य सेवा ऐन, २०५३ वमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), ( झ), (ट), (ठ) र (ड) बमोजिमको कसुर गरेमा दश हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ ।

(५) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

(६) यस दफामा तोकिएका बाहेक अन्य दण्ड सजाय सम्वन्धी व्यवस्था प्रचलित कानून वमोजिम हुनेछ ।

३२. <u>पुनरावेदन:</u> यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्वन्धी मुद्दामा कार्यपालिकाले गरेको निर्णय उपर पैतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद–१५

## <u>जनस्वास्थ्य परिषद तथा समन्वय समिति</u>

३३. <u>जनस्वास्थ्य परिषद तथा समन्वय समितिको गठन:</u> (१) गाउँपालिकाले जनस्वास्थ्यसँग सकोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संग्लनता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य परिषद तथा समन्वय समितिको गठन गर्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष –अध्यक्ष

(ख) उपाध्यक्ष – उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समिति संयोजक – सदस्य

(ङ) कार्यपालिका सदस्य मध्ये एकजना महिला – सदस्य

(च) कानून शाखा प्रमुख वा कानूनी सल्लाहकार – सदस्य

(छ) गाउँपालिकास्तरीय आधारभूत अस्पतालको मेडिकल सुपरीटेण्डेण्ट वा व्यवस्थापक/निर्देशक – सदस्य

(ज) गाउँपालिका शिक्षा शाखा प्रमुख – सदस्य

(झ) सहकारी, सामुदायिक र निजी स्वास्थ्य संस्थाका संचालक मध्येबाट अध्यक्षले मनोनित गरेको एकजना – सदस्य

(ञ) स्वास्थ्य क्षेत्रका विज्ञहरु मध्येबाट गाउँ कार्यपालिकाको निर्णयबाट मनोनित गरेको कम्तिमा एकजना महिला सहित ३ जना – सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख – सदस्य–सचिव

(२) उपदफा (१) बमोजिम गठित परिषदको अध्यक्षद्वारा मनोनित सदस्यको पदावधि ३ (तीन) वर्ष हुनेछ ।

(३) आवश्यकता अनुसार बैठकमा अन्य विज्ञहरुलाई बोलाउन सकिनेछ ।

३४. <u>जनस्वास्थ्य परिषद तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार:</u> यस ऐनको दफा ३३ अनुसार गठित जनस्वास्थ्य परिषद तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने,

(ख) स्वास्थ्य सम्वन्धी बहुवर्षीय नीति योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था संचालनका लागि अनुमति, स्वीकृति सम्बन्धि गाउँ कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ,जागरुक र सजग बनाउने,
(ङ) स्वास्थ्य संस्थाको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने गराउने,
(च) स्वास्थ्य संस्थाको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,
(छ) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुची अद्यावधिक तथा प्रकाशन गर्ने
(ज) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरि सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने/गराउने,
(झ) गाउँ कार्यपालिकालाई स्वास्थ्य सेवा सम्बन्धि क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने,

(ञ) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाब दिने,
(ट) गुणस्तरीय तथा जनमुखी स्वास्थ्य सेवाका लागि स्वास्थ्य सेवा प्रणालीमा सुधार ल्याउन आवश्यक समन्वय तथा सुझाब दिने,
(ठ) स्वास्थ्यसँग सम्वन्धित अन्य कुनै आवश्यक विषयमा सुधार गर्न आवश्यकता अनुसार मापदण्ड निर्देशिका तथा कार्यविधि तर्जुमा गरी गाउँ कार्यपालिकालाई सहयोग गर्ने,
(ड) आवश्यकता अनुसार उपसमिति गठन गरी स्वास्थ्य सम्बन्धी काम कारवाही गर्ने गराउने,
(ढ) गाउँपालिकाका सबै नीतिहरुमा स्वास्थ्यमैत्री नीति अवलम्बन गर्न पैरवी गर्ने,
(ण) जनस्वास्थ्य सम्वन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमहरुलाई स्थानीयस्तरमा लागू गर्न सम्वन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन, समन्वय तथा अनुगमन गर्ने तथा रोगहरुको रोकथाम, प्रवर्द्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्वन्धी कुनै पनि विषयमा प्रदेश तथा संघिय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने ।
(त) स्वास्थ्य संस्थाहरुमा संचालनमा आएका सुलभ औषधि पसल वा केन्द्रको निरीक्षण, नियन्त्रण तथा रेखदेख गरि सो पसलहरुको लेखापालन तथा व्यवस्थापन चुस्त–दुरुस्त राख्न लगाउने ।
(थ) तोकिएको बमोजिम अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–१६
## विविध

३५. **समन्वय गर्ने:** राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुर्याउनु गाउँपालिकाको जिम्मेवारी हुनेछ ।

३६. **स्वास्थ्य कार्यक्रम संचालन गर्ने:** कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, मूल्याङ्कन तथा समीक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य तथा जनसंख्या सम्वन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सम्वन्धी कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

३७. **आमा तथा मातृशिशु सुरक्षा कार्यक्रम संचालन गर्ने** : (१) कार्यपालिकाले गर्भवती महिला, आमा र शिशुको लागि स्वास्थ्य सुरक्षा कार्यक्रम संचालन र प्रवर्द्धन गर्नेछ ।
(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ ।
(३) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र कुपोषणको पहिचान, न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रमको संचालन गर्नेछ ।
(४) गाउँ कार्यपालिकाले आमा तथा मातृशिशु सुरक्षा कार्यक्रमलाई थप टेवा पुग्ने गरी बहुक्षेत्रीय पोषणलाई टोलवस्तीस्तरसम्म प्रभावकारी ढङ्गले सञ्चालन गर्न विशेष अनुदान वितरण गर्नेछ ।
(५) मातृशिशु सुरक्षा कार्यक्रम सम्वन्धी अन्य कार्यक्रम तथा क्रियाकलापहरु संघ तथा प्रदेश सरकारबाट निर्धारण गरिए वमोजिम हुनेछ ।

३८. **सामाजिक सुरक्षा र स्वास्थ्य बीमा:** (१) गाउँपालिका क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य बीमा ऐनले तोके बमोजिम अनिवार्य स्वास्थ्य बीमामा आवद्ध गराउनु कार्यपालिकाको दायित्व हुनेछ ।
(२) कार्यपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य बीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघिय तहका निकायहरुसँग समन्वय गर्नेछ ।

(३) महिला, बालबालिका, किशोर–किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, आर्थिक, सामाजिक र शैक्षिक रुपमा विपन्न वर्ग र अन्य लक्षित समूहका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(४) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, र अन्य लक्षित समूहका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

३९. <u>अधिकार प्रयोग:</u> यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरु कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

४०. <u>सेवाग्राहीको कर्तव्य:</u> (१) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवम् शिष्ट व्यवहार गर्नु गाउँपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा राखेमा थुन्ने जस्ता कार्य गर्न पाईनेछैन त्यस्ता व्यक्तिहरुको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वास्थ्य रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

४१. <u>सेवाप्रदायक र स्वास्थ्यकर्मीको दायित्व</u>: (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वास्थ्यकर्मीको कर्तब्य हुनेछ ।

(३) दफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातवरणको हक हुनेछ ।

४२. <u>स्वास्थ्यसेवा अवरुद्ध गर्न नपाईने:</u> स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनैपनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईनेछैन ।

४३. <u>गुनासो व्यवस्थापन:</u> कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ ।

४४. <u>क्षतिपूर्ति दिनुपर्ने:</u> गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थमा प्रत्यक्ष वा परोक्ष रुपमा प्रतिकूल असर गरेमा वा समयमा सेवा नदिएमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

४५. <u>नियम, कार्यविधि, निर्देशिका बनाउने अधिकार:</u> यस ऐनको अधिनमा रही ऐन कार्यान्वयनको सहजताका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४६. <u>खारेज र बचाऊ:</u> यो ऐन लागू हुनु अघि गाउँपालिका अन्तर्गत भए गरेका स्वास्थ्य सम्वन्धी कार्यक्रम तथा क्रियाकलापहरु यसै ऐन बमोजिम भए गरे सरह मानिनेछ ।

आज्ञाले,
**नाम**: तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत